पूर्वखोला गाउँपालिका
Purbakhola Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पूर्वखोला, पाल्पा
Purbakhola, Palpa
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

मिति :२०७७/०५/०३

पत्र संख्या/Letter No. :
चलानी नं./Ref. No. :

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
५ नं. प्रदेश, नेपाल
२०७३

सुचना :–३

**कृषकहरुका लागि जरुरी सुचना !!!**

प्रस्तुत विषयमा यस पूर्वखोला गाउँपालिकाका वडा नं.१ देखि वडा नं.६ सम्मका कतिपय स्थानमा अदुवाको गानो कुहिने समस्या देखा परेकोले सो रोग व्यवस्थापनका लागि निम्न उपायहरु अपनाउनु हुन विनम्र अनुरोध गर्दछौ ।

**तपसिल**

**अदुवाको गानो कुहिने रोग व्यवस्थापन विधि :**

१. स्वस्थ बीउको छनौट गर्ने जसमा चाउरी नपरेको ,५०–६० ग्राम तौल भएको २ वटा टुसा उम्रिन सक्ने गानोको छनौट गर्नुपर्छ ।

२.वर्षैपिच्छे एकै बारीमा अदुवा खेती,बेसार खेती गर्नु हुदैन ।

३.बारीमा पानी जम्न नदिने(निकासको राम्रो व्यवस्था गर्नुपर्छ) ।

४.बाक्लो गरि रोप्नु हुदैन(४५×३० से.मी. को दुरी) ।

५.बीउ गानो उपचार गरेर मात्र रोप्ने जसका लागि

क. जैविक विषदी ट्राइकोडर्मा ५–१० ग्राम प्रति लिटर पानीमा घोलेर गानो भिज्ने गरि छाँयामा ओवाएर राख्ने ,अथवा

ख.बीउ गानो म्यानकोजेव+कार्बेन्डाजिम युक्त बिषदी २ ग्राम प्रति लिटर पानीको घोलमा आधा घण्टा उपचार गरि छाँयामा रोप्ने ।

६. सधै राम्ररी कुहिएको गोठे मल प्रयोग गरौ ।

७. यदि माउ अथवा ब्रुनी झिक्ने हो भने,बोट र गानोमा चोट नलाग्ने गरि झिक्नु पर्दछ ।

८.बाली व्यवस्थापनमा एकीकृत शत्रुजीव व्यवस्थापन नियमित खेतबारीको अवलोकन गर्ने,अदुवा खेती भैरहेको बारीमा अदुवाको गानो कुहिएको लक्षण (बोट ओइलाएको/सुकेको)देखिएमा बोटहरु उखेलेर नष्ट गर्ने ,गानो झिँगा(Rhizome fly)को नियमित अनुगमन गर्ने।

९.गानो कुहिने रोग देखिएमा म्यानकोजेव+मेटाल्याक्जेल युक्त ढुसीनासक बिषादी २ ग्राम प्रति लिटर पानीमा वा कपरअक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीमा मिसाई गानो भिज्ने गरि प्रयोग गर्नु पर्दछ ।

Kandel
०७७/०५/०२

सन्तोष कंडेल
कृषि शाखा

कृषि शाखा प्रमुख

